# तामाकोशी गाउँपालिका
# Tamakoshi Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
३ नं प्रदेश, नेपाल ।
3No. Province, Nepal


पत्र संख्या/Reference No.:२०७३/०७४ मितिः २०७४।३।३१

**मिति २०७४/३/३१ मा शुरु भएको तामाकोशी गाउँपालिकाको पहिलो ऐतिहासिक गाउँसभाअधिवेशनको मिति २०७४/३/३१ को पहिलो बैठकको शब्दशः (Verbatim)**

१.सभाहल प्रवेश ।

२.उपस्थिति पुस्तिकामा हस्ताक्षर ।

३.सबै सदस्यले उठेर अध्यक्ष प्रति सम्मान प्रकट ।

४.सबै सदस्यहरुको आसन ग्रहण ।

अध्यक्षज्यूबाट सभाको अध्यक्षता लिँदै राष्ट्रिय गान बज्ने घोषणा ।

५.राष्ट्रिय गान

६. अब शहीद हरुप्रति सम्मान प्रकट गर्न आ आफ्नो स्थानबाट उभिएर १ मिनेट मौन धारण गर्न सबै सम्मानित सदस्यहरुलाई अनुरोध गर्छु । (समय १ मिनेट)

७. गाउँ कार्यपालिकाबाट स्वीकृत तामाकोशी गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि, २०७४ को दफा ६(३) बमोजिम /पहिलो/ [redacted] गाउँसभा अधिवेशनको /पहिलो/ [redacted] बैठक प्रारम्भ भएको घोषणा गर्दछु ।

८. बैठकको कार्यसूची उपलब्ध गराए बमोजिम भएको अनुरोध छ ।

२०७४/५/३१
दीपेश कट्टेल
कार्यकारी अधिकृत

ईश्वर चन्द्र पोखरेल
अध्यक्ष



Scanned with CamScanner

तामाकोशी गाउँपालिका
Tamakoshi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
३ नं प्रदेश, नेपाल ।
3No. Province, Nepal

पत्र संख्या/Reference No.: २०७३/०७४ मिति: २०७४।३।३१

९. सम्मानित सदस्यहरु, अव म कार्यपालिकाको विधेयक समितिको तर्फबाट सो समितिका संयोजक श्री राम प्रसाद काफ्लेलाई मिति २०७४/०३/१५ को गाउँ कार्यपालिका वैठकवाट स्विकृत तपशिलका कानूनहरु अनुमोदन गर्ने सम्वन्धको प्रस्ताव सम्मानित सभामा पेश गर्न अनुमती दिन्छु ।

<u>तपशिल:</u>

- गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४
- गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रका प्रमाणिकरण ( कार्यविधि) नियमावली, २०७४
- गाउँ कार्यपालिकाको वैठक सञ्चालन सम्वन्धि कार्यविधि, २०७४
- गाउँपालिका (कार्य विभाजन) नियमावली, २०७४
- गाउँपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४
- स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४

१०. कार्यपालिकाको विधेयक समितिको तर्फबाट सो समितिका संयोजक श्री राम प्रसाद काफ्लेले सम्मानित सभामा पेश गर्नुभएको गाउँ कार्यपालिका वैठकवाट स्विकृत कानूनहरु अनुमोदन गरियोस भन्ने प्रस्ताव उपर सामान्य छलफलका लागि बोल्न चाहने सदस्यहरुले नाम टिपाउन समय प्रदान गर्दछु ।

११. सम्मानित सभामा पेश भएका गाउँ कार्यपालिका वैठकवाट स्विकृत कानूनहरु अनुमोदन गरियोस भन्ने प्रस्ताव उपर सामान्य छलफलका लागि बोल्न चाहने सदस्यहरुको नाम प्राप्त नभएकोले यस सम्मानित सभामा पेश गरिएको मिति २०७४/०३/१५ को गाउँ

दीपेश कडेल
कार्यकारी अधिकृत



ईश्वर चन्द्र पोखरेल
अध्यक्ष

Scanned with CamScanner

तामाकोशी गाउँपालिका
Tamakoshi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
जफे, दोलखा
Japhe, Dolakha
३ नं प्रदेश, नेपाल ।
3No. Province, Nepal

पत्र संख्या/Reference No.:२०७४/०७५ मितिः २०७४।३।३१

कार्यपालिका बैठकबाट स्विकृत कानूनहरु अनुमोदन गरियोस भन्ने प्रस्ताव पारित गर्न निर्णयार्थ प्रस्तुत गर्दछु ।

- प्रस्तावको पक्षमा हुने सदस्यहरुले हुन्छ भन्नुहोस् ।
- प्रस्तावको विपक्षमा हुने सदस्यहरुले हुन्न भन्नुहोस् ।
- हुन्न भन्ने स्वर नसुनिएकोले सर्वसम्मतीले यो प्रस्ताव स्वीकृत भएको घोषणा गर्दछु ।

१२.अब म बैठकको कार्यसूची अनुसार गाउँपालिकाका उपाध्यक्ष श्री उर्मिला खड्का के.सी.लाई आर्थिक वर्ष २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७४।०७५ को राजस्व र व्ययको अनुमान (बजेट) यस सम्मानित सभामा पेश गर्ने अनुमति दिन्छु ।

१३. सम्मानित उपाध्यक्षज्यूलाई आर्थिक वर्ष २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७४।०७५ को राजस्व र व्ययको अनुमान (बजेट) यस सम्मानित सभामा प्रस्तुत गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्दछु ।

१४. अब म उपाध्यक्षबाट यस सम्मानित सभामा पेश गरिएको आर्थिक वर्ष २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७४।०७५ को राजस्व र व्ययको अनुमान ( बजेट) उपर सामान्य छलफलको लागि बोल्न चाहने सदस्यहरुलाई नाम टिपाउन अनुरोध गर्छु ।

**नामः**

१. सदस्यश्री ङरहरी फुँयाल

२. सदस्यश्री शान्ता वि.क.



Scanned with CamScanner

३. सदस्यश्री नानीकाजी तामाङ पाखिन

४. सदस्यश्री महेश्वर काफ्ले

५. सदस्यश्री राम प्रसाद काफ्ले

६. सदस्यश्री हर्क बहादुर योन्जन

१५. यस सम्मानित सभामा पेश गरिएको आर्थिक वर्ष २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७४।०७५ को राजस्व र व्ययको अनुमान (बजेट) उपर सामान्य छलफलको लागि बोल्न चाहने सदस्यहरुको नाम प्राप्त भएकोले सदस्य श्री ङरहरी फुँयाललाई बोल्न अनुमति दिन्छु। (समय ५ मिनेट) । यसपछि सदस्य श्री शान्ता वि.क.( समय ३ मिनेट)

- <u>सदस्य श्री ङरहरी फुँयाल</u>
  - नीति तथा कार्यक्रम लगायत अन्य महत्वका निर्णयहरुमा टोल वस्तीहरुबाट समेत सुझाव संकलन गरिनुपर्नेमा आवश्यक मात्रामा सो नभएको ।
  - नीति तथा कार्यक्रम एवं वार्षिक बजेट राहत मुखि देखिएको तर यसको प्रभावकारी कार्यान्वयन हुन नसकेमा सोचेजस्तो परिणाम नआउन सक्ने ।
  - नीति तथा कार्यक्रमहरुमा बहुवर्षे गौरवका आयोजनाहरु समेत आउनुपर्ने ।
  - सम्बन्धित वडा समितिहरुलाई समेत अधिकार सम्पन्न बनाउनुपर्ने ।
  - भुकम्प पछिको पुनःर्निमाण कार्यमा एकै गाउँपालिका सरहदभित्र समेत फरक-फरक कार्य प्रक्रिया र अभिमत पाईएको । सो सम्बन्धमा नीति तथा कार्यक्रममा उपयुक्त व्यवस्था गरिनुपर्ने ।

दीपेश कट्टेल
कार्यकारी अधिकृत

ईश्वर चन्द्र पोखरेल
अध्यक्ष

Scanned with CamScanner

- सामाजिक संघ संस्था, सामुदायिक संगठनहरु, गैन्ह सरकारी संगठनहरुआदिको प्रभावकारी नियमनको व्यवस्था नीति तथा कार्यक्रममा नै गर्नुपर्ने ।
- भु-क्षय, पहिरोको जोखिममा रहेका क्षेत्रहरुको दिगो व्यवस्थापन गर्नुपर्ने ।
- तामाकोशी गाउँपालिका भित्र गाउँपालिका परिचय पत्र (Rural Municipality ID) को व्यवस्था गरिनुपर्ने ।

- **सदस्य श्री शान्ता वि.क.**
  - बजेट तथा कार्यक्रममा दलित महिलाहरुको लागि उपयुक्त बजेटको व्यवस्था गरिनुपर्ने ।

१५. सभामा पेश गरिएको आर्थिक वर्ष २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७४।०७५ को राजस्व र व्ययको अनुमान (वजेट) उपर सामान्य छलफलको क्रमलाई निरन्तरता दिँदै सदस्य श्री नानीकाजी तामाङ पाखिनलाई बोल्न अनुमति दिन्छु । (समय ५ मिनेट) । यसपछि सदस्य श्री महेश्वर काफ्ले (समय १० मिनेट) ।

- **सदस्य श्री नानीकाजी तामाङ पाखिन**
  - कृषि सिंचाई तथा पशु विकास कार्यक्रम अर्न्तगत कफि, केरा, कागती जस्ता नगदे वाली उत्पादनको पकेट क्षेत्र निर्माण गरी उपयुक्त व्यंवस्था गरिनुपर्ने ।
  - वडा नं. २ र ७ मा उत्पादित आलु विक्रि नहुँदा कृषकहरु मारमा परेको । उत्पादन हुने समयमा शीत भण्डारणको व्यवस्था गरी उत्पादन नहुने समयमा विक्रि गर्न आवश्यक नीतिगत एवं कानूनी व्यवस्था गरिनुपर्ने ।
  - अम्रिसो, अदुवा, अकबरे खुर्सानी, अलैंची र आलु (पाँच अ) को पकेट क्षेत्र विकास र विस्तार गरिनुपर्ने ।

दीपेश कट्टेल
कार्यकारी अधिकृत

ईश्वर चन्द्र पोखरेल
अध्यक्ष



Scanned with CamScanner

तामाकोशी गाउँपालिका
Tamakoshi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
३ नं प्रदेश, नेपाल ।
3No. Province, Nepal

पत्र संख्या/Reference No.:२०७४/०७५ मिति: २०७४।३।३१

- स्वास्थ्य कार्यक्रमहरुको हकमा हरेक वडा स्थित स्वास्थ्य चौकीरुहरुमा चौविस घण्टे प्रसुतीसेवा कार्यक्रम (Twenty Four Hours Birthing Center Service) विस्तार गरिनुपर्ने ।

- **सदस्य श्री महेश्वर काफ्ले**
  - साविकका स्थानीय निकायहरु स्थानीय तहमा रुपान्तरण भएर केन्द्रिकृत भएर रहेका अधिकारहरु तल्लो निकायमा आएर त्यसको उपभोग गर्न पाईएकोले हामी आफु भाग्यमानी पुस्ता रहेको ।
  - स्वायत्तताको सिद्धान्त अनुरुप हरेक वडालाई योजना छनौटको अधिकार दिई वडा समितिलाई अधिकार सम्पन्न बनाउने व्यवस्था नीति तथा कार्यक्रममा नै समेटिनु पर्दछ ।
  - सम्मानित सभाका सदस्यहरुको नेतृत्व विकासका लागि उपयुक्त समयमा उपयुक्त अवसरहरु दिईनुपर्दछ ।
  - प्राकृतिक स्रोत साधनको उपयोगका लागि नीति तथा कार्यक्रममा उपयुक्त मापदण्ड तय गरिनुपर्दछ । प्राकृतिक सम्पदाहरु उत्खनन् गर्ने मापदण्ड तय गरी उच्च जोखिममा रहेका वस्ती तथा क्षेत्रका व्यक्तिहरुलाई सम्बोधन गरिनुपर्दछ ।
  - कानूनका आधारमा मात्र जनताका अभिमत अवमूल्यन हुने अवस्था आएमा विद्रोह हुन सक्ने हुनाले आवश्यक नीतिगत, संरचनागत व्यवस्था गरिनुपर्दछ ।
  - कृषि तथा पशु विकासलाई महत्व दिँदै परम्परागत कृषि औजार तथा पशु पालनको पद्दतीलाई परिमार्जन गर्ने नीति अंगाल्नुपर्दछ ।

दीपेश कट्टेल
कार्यकारी अधिकृत

6/9

ईश्वर चन्द्र पोखरेल
अध्यक्ष

Scanned with CamScanner

तामाकोशी गाउँपालिका
Tamakoshi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
३ नं प्रदेश, नेपाल ।
3No. Province, Nepal

मितिः २०७४।३।३१

पत्र संख्या/Reference No.: २०७४/०७५

- धुम्रपान-मध्यपान कम गर्ने कार्यक्रमहरु, गर्भवती महिला तथा नवजात शिशुको स्वास्थ्यस्तर वृद्धि गर्ने कार्यक्रमहरु ल्याईनुपर्दछ ।
- शिक्षामा हरेक नाबालकको पहुँच अभिवृद्धि गर्ने नीति लिईनुपर्दछ । विपन्न र दलित समुदायका बालबालिकाको विद्यालयमा भर्ना दर बढाउँदै विद्यालय छोड्ने दर घटाउने गरी नीति तथा कार्यक्रम तय गरिनुपर्दछ ।
- विकासका लागि एकमत हुने पद्दति र संयन्त्रको विकास नीतिगत रुपमा नै गरिनुपर्दछ ।

१६. सभामा पेश गरिएको आर्थिक वर्ष २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७४।०७५ को राजस्व र व्ययको अनुमान (बजेट) उपर सामान्य छलफलको क्रमलाई पुःन निरन्तरता दिँदै सदस्य श्री राम प्रसाद काफ्लेलाई बोल्न अनुमति दिन्छु । (समय १० मिनेट) । यसपछि सदस्य श्री हर्क बहादुर योञ्जन (समय १० मिनेट)

- <u>सदस्य श्री राम प्रसाद काफ्ले</u>
  - तामाकोशी गाउँपालिकाको उच्चतम् समृद्धिको निमित्त सम्पूर्ण पक्षहरु मिलेर अगाडि बढ्नुको विकल्प छैन । यसका अलावा सदस्य श्री महेश्वर काफ्लेज्यूका अभिमतहरुमा सहमति रहेको ।
- <u>सदस्य श्री हर्क बहादुर योञ्जन</u>
  - वडा नं. २, झुलेको ढोली खोला गएको पहिरो तथा भु-क्ष्यबाट उच्च जोखिममा रहेका समुदायको व्यवस्थापनका निमित्त नीति तथा कार्यक्रममा उचित व्यवस्था गरिनुपर्दछ ।
  - हरेक वडामा सञ्चालन हुने योजनाहरुको सञ्चालन पद्दती तय नभएकोले नीति तथा कार्यक्रममा नै सो सम्बन्धि व्यवस्था गरिनुपर्दछ ।
  - वडा समितिहरुलाई अधिकार सम्पन्न बनाउने गरी उपयुक्त व्यवस्था गरिनुपर्दछ ।



दीपेन्द्र कट्टेल
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र चन्द्र पोखरेल
अध्यक्ष

Scanned with CamScanner

तामाकोशी गाउँपालिका

Tamakoshi Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
३ नं प्रदेश, नेपाल ।
3No. Province, Nepal

पत्र संख्या/Reference No.: २०७४/०७५ मिति: २०७४।३।३१

१७. प्रस्तावक उपाध्यक्ष श्री उर्मिला खड्का के.सी.ले छलफलका क्रममा उठेका सवालहरुको जवाफ दिन अनुमति दिन्छु ।

- <u>सदस्य श्री उर्मिला खड्का के.सी.</u> :- सभामा पेश गरिएको आर्थिक वर्ष २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७४।०७५ को राजस्व र व्ययको अनुमान (वजेट) उपर सामान्य छलफलको क्रममा आ-आफ्ना अमूल्य विचार तथा सुझाव व्यक्त गर्नुहुने सम्मानित सदस्यहरुप्रति आभार प्रकट गर्दछु । ती सुझावहरु सम्भव भएसम्म यसै आ.व. मा तथा यस आ. व. मा सम्भव नभएमा क्रमिक रुपमा अन्य आ.व. मा सम्वोधन गरिने व्यहोरा यस सम्मानित सभामा जानकारी गराउँछु ।

१८. अव म सभामा पेश गरिएको आर्थिक वर्ष २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७४।०७५ को राजस्व र व्ययको अनुमान (वजेट) उपर सामान्य छलफल अन्त्य भएको घोषणा गर्दछु ।

१९. आर्थिक वर्ष २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७४।०७५ को राजस्व र व्ययको अनुमान (वजेट) पारित गर्न निर्णयार्थ प्रस्तुत गर्दछु ।

- प्रस्तावको पक्षमा हुने सदस्यहरुले हुन्छ भन्नुहोस् ।
- प्रस्तावको विपक्षमा हुने सदस्यहरुले हुन्न भन्नुहोस् ।
- हुन्न भन्ने स्वर नसुनिएकोले सर्वसम्मतीले यो प्रस्ताव स्वीकृत भएको घोषणा गर्दछु ।

२०. सम्मानित सदस्यहरु, सभाको कार्यसूची वमोजिम आ.व. २०७३/०७४ मा भएका सम्पूर्ण प्रशासनिक निर्णयहरु, वजेट संशोधन तथा खर्चको अनुमोदन, वडागत योजना तथा कार्यक्रमहरुको तय एवं वजेट विनियोजन तथा वजेट संशोधन तथा साना, टुक्रे योजना

दीपक कट्टेल
कार्यकारी अधिकृत



ईश्वर चन्द्र पोडेल
अध्यक्ष

Scanned with CamScanner

तामाकोशी गाउँपालिका
Tamakoshi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
३ नं प्रदेश, नेपाल ।
3No. Province, Nepal

पत्र संख्या/Reference No.:२०७४/०७५ मितिः २०७४।३।३१

तथा मथिल्ला निकायमा माग गरिने योजनाहरु सम्बन्धको एकमुष्ठ प्रस्ताव पारित गर्न सम्मानित सभामा निर्णयार्थ पेश गर्दछु ।

- प्रस्तावको पक्षमा हुने सदस्यहरुले हुन्छ भन्नुहोस् ।
- प्रस्तावको विपक्षमा हुने सदस्यहरुले हुन्न भन्नुहोस् ।
- हुन्न भन्ने स्वर नसुनिएकोले सर्वसम्मतीले यो प्रस्ताव स्वीकृत भएको घोषणा गर्दछु ।

२१. तामाकोशी गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि, २०७४ बमोजिम जारी तामाकोशी गाउँपालिकाको पहिलो गाउँसभा अधिवेशनको बैठकको समाप्तिसँगै तामाकोशी गाउँपालिकाको पहिलो ऐतिहासिक गाउँसभा अधिवेशन अन्त्य गर्दछु ।

धन्यवाद ज्ञापन ।

**अध्यक्ष सभाबाट बाहिर निस्केपछि मात्र अरु सदस्यहरुले बैठक कक्ष छाड्ने ।**

२०७४।३।३१

पेश गर्ने
(दीपेश कट्टेल)
सभाको सचिव
दीपेश कट्टेल
कार्यकारी अधिकृत

..........................
प्रमाणित गर्ने
(ईश्वर चन्द्र पोखरेल)
सभाको अध्यक्ष
ईश्वर चन्द्र पोखरेल
अध्यक्ष



Scanned with CamScanner